# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- ०८०/०८१

चलानी नं. :-

मिति :-

विहादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वहाकीठाँटी, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

**SEE परिक्षार्थीहरुलाई हार्दिक शुभकामना !**

मिति २०८० साल चौत्र १५ गते देखि सञ्चालन हुने SEE परीक्षामा सहभागी हुने सम्पूर्ण परीक्षार्थीहरुलाई हार्दिक शुभकामना व्यक्त गर्दछु ।

समयक्रम सँगै १०+२ सम्मलाई माध्यमिक शिक्षा परीक्षा (Secondary Education Examination – SEE) को रुपमा सञ्चालन गरिएको छ । थस परीक्षालाई उच्च शिक्षा अध्ययनका लागि आधार परीक्षाको रुपमा समेत लिने गरिएबाट यो परीक्षालाई तुलनात्मक रुपमा बढी महत्वका साथ हेर्ने गरिन्छ । आम जनमानसमा हिजो एस एल सी परीक्षालाई फलामेढोकाको रुपमा परिभाषित गर्ने गरिएको भएतापनी विद्यार्थीहरुको आधुनिक प्रविधिमा पहुँच, बालमैत्री र दण्डरहित शिक्षा प्रणाली, नतिजामा ग्रेडिङ पद्धती जस्ता कारणले आज यो परीक्षालाई विद्यार्थीहरुले सहजरुपमा लिने गरिएको पाईन्छ ।

देशभरीबाट करिव ४,८९,४४४ परिक्षार्थी हुने परीक्षामा विहादी गाउँपालिकाबाट १७७ जना परीक्षार्थी सहभागी हुदैहुनुहुन्छ । म सम्पूर्ण भाईबहीनी हरुलाई परीक्षामा सफलताको कामनाका साथ शिक्षाको उच्चतम विन्दुसम्म पुग्न सफल हुनुहुनेछ भन्ने शुभकामना व्यक्त गर्दै परीक्षा व्यवस्थित, मर्यादित, शान्त, भयरहित बनाउन आ-आफ्नो ठाउँमा भुमिका खेल्न परीक्षा सँग सम्बन्धित सवैमा हार्दिक अपिल गर्दछु ।

**धन्यवाद !**

**मिति : २०८०।१२।१४**

परविन गुरुङ
अध्यक्ष